## आ.व. २०८०/८१ को चौथो कार्यपालिका बैठक

आज मिति २०८०।०८।१९ गते राप्ती गाउँकार्यपालिकाका अध्यक्ष श्री प्रकाश विष्टको अध्यक्षता तथा तपशिल बमोजिमका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बस्यो ।

बैठकका उपस्थिति र निर्णयहरु यसप्रकार छन् ।

### उपस्थिति

| | | |
|---|---|---|
| अध्यक्ष | श्री | प्रकाश बिष्ट, राप्ती गाउँकार्यपालिका । |
| उपाध्यक्ष | श्री | कमलापती चौधरी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | गेमे खड्का, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | पहलवान चौधरी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | उमेश अधिकारी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | विर वहादुर चौधरी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | देव प्रसाद चौधरी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | दीपक कुमार चौधरी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | सिताराम चौधरी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | चन्द्र वहादुर गुरुङ, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | रिम बहादुर सुनारी, मगरराप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | पार्वती सुवेदी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | चम्फा भुसाल, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | रण बहादुर पुजाली सार्की, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | गिता चौधरी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | सावित्री चौधरी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | संजिव परियार, राप्ती गाउँकार्यपालिका । |
| सदस्य सचिव | श्री | नेब बहादुर वली, राप्ती गाउँपालिका । |

### आमन्त्रित

श्री जीवराज पौडेल पशु विकास अधिकृत

श्री धन प्रसाद शर्मा लेखा अधिकृत

श्री विश्वास विक, शाखा अधिकृत

श्री विकास ज्ञवाली, अधिकृत ( प्रशासन सेवा )

श्री. अशोक वेलवासे, इन्जिनियर

श्री गिता चौधरी, खा.पा.स.टे.

श्री तुल बहादुर कुंवर मगर, आ. लेखा तथा भुक्तानी सम्पादनकर्ता

श्री दामोदर आचार्य, सहजकर्ता

## प्रस्तावहरु

१- साझेदारीमा कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० सम्बन्धमा।

२- राप्ती गा.पा. को उद्यमशिलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८० सम्बन्धमा।

३- नदिजन्य पदार्थको घाटगद्दी गर्ने स्थान सम्बन्धमा।

४- घडेरीको न्यूनतम क्षेत्रफल र मोहडा सम्बन्धमा।

५- सरसफाई क्षेत्र तथा शुल्क निर्धारण सम्बन्धमा।

६- व्यक्तिगत घटनादर्ता सम्बन्धमा।

७- राप्ती आधारभुत अस्पताल (१५ सैया) को भेरियशन आदेश स्वीकृति सम्बन्धमा।

८- निजी वन दर्ता सम्बन्धमा।

९- विविध।

## मिति २०८०।०८।१९ गते बसेको कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं.१**- राप्ती गाउँपालिकाद्धारा संचालित व्यवसाय दर्ता तथा करदाता शिक्षा अभियानको समिक्षा गरियो।

**निर्णय नं. २** - नदिजन्य पदार्थको उत्खनन् , संकलन, तथा विक्रि वितरण गर्ने सम्बन्धमा विधि, पद्धति , तरिका र घाटगद्धी गर्ने स्थानका सम्बन्धमा सिफारिस गर्न देहाय बमोजिमको कार्यादल निर्माण गर्ने निर्णय गरियो।

**कार्यदल**

श्री उमेश अधिकारी , वडाध्यक्ष ३ नं. वडा , संयोजक
श्री पहलवान चौधरी, वडाध्यक्ष ३ नं. वडा, सदस्य
श्री वीर बहादुर चौधरी, वडाध्यक्ष ४ नं. वडा, सदस्य
श्री दिपक कुमार चौधरी, वडाध्यक्ष ४ नं. वडा, सदस्य
श्री सावित्रा चौधरी, कार्यपालिका सदस्य
श्री रेशमराज अधिकारी, राजस्व शाखा प्रमुख, सदस्य सचिव

**निर्णय नं.३** – राप्ती गाउँपालिका क्षेत्र भित्र घडेरीको न्यूनतम क्षेत्रफल १२ धुर र मोहडा १० मिटर कायम गर्ने।

**निर्णय नं. ४** -राप्ती आधारभुत अस्पताल (१५ सैया) ठेक्का नं. (RRM/NCB/BLDG/11/2078/79) रु १९४,२८२,६३७।०९ मा ठेक्का सम्झौता भएकोमा भेरिएसन अर्डर पछि जम्मा कायम हुन आउने रकम रु २०३,१७९,६४,८३७।७० रहेकोले पेश हुन आएको ४.५८ प्रतिशतको भरिएसन अर्डर स्विकृत गर्ने ।

**निर्णय नं. ५**- गाउँपालिकाले फोहोर व्यवस्थापन गरेवापत सम्बन्धित व्यक्ति , संस्था वा निकायबाट मासिक रुपमा देहाय बमोजिमको दरमा सेवा शुल्क उठाउने।

आवासिय घर – रु २५
व्यवसायिक घर –रु ५०
चिया, नास्ता पसल,डेरी – रु ७५
खाना खाने होटल, रेस्टुरेन्ट-रु १००
विद्यालय/आश्रम - रु २५
ठुला होटल – रु १५०
मासु पसल –रु ५०
स्वास्थ्य क्लिनिक –रु १००
निजी अस्पताल –रु २००
सरकारी अस्पताल -रु १५०
कार्यालय/संघ संस्था रु ७५
पिकनिक /स्पट रु २०० (प्रति ट्रिप)
मेला /महोत्सव /आमसभा -रु ५०० (प्रति ट्रिप )

नेत्र बहादुर दली
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं.६- खानेपानी सरसफाई व्यवस्थापन तथा अनुसन्धान कार्यका लागि अपुग रहेको देहाय बमोजिमको रकमका स्रोत खोजी सुनिश्चितता गर्ने ।

- फोहोरमैला संकलन केन्द्रमा काम गर्ने कामदारहरुको ज्याला रकम रु २०,८३,२००/-
- शौचालय निर्माणका रु १,५०,०००/-
- सरसफाई सामाग्री खरिद खर्च ४,००,०००/-

निर्णय नं.७ – विद्यालयका विधार्थीहरुले नकुहिने सिसा बाहेका फोहोरमैला संकलन गरी विद्यालयमा ल्याएमा प्रति किलो रु १५ विद्यालय मार्फत उपलब्ध गराउने । सो वापत विद्यालयलाई एकमुष्ट रुपमा रकम प्रदान गर्ने ।

निर्णय नं.८ – राप्ती गाउँपालिकाका देहाय बमोजिमका विधेयकको मस्यौदा अध्ययनका लागि वन, वातावरण तथा विपद् व्यवस्थापन समितिमा पठाउने ।

- स्थानीय तहमा वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८०
- सार्वजनिक जग्गामा वन विकास तथा व्यवस्थापन कार्यविधि, २०८०
- निजी वन विकास तथा व्यवस्थापन कार्यविधि, २०८०

निर्णय नं.९- मदिराजन्य पदार्थको विक्रि वितरण तथा नियन्त्रण सम्बन्धी कार्यविधि २०८० को मस्यौदा अध्ययनका लागि शुसासन तथा सार्वजनिक सेवा प्रवाह समितिमा पठाउने ।

निर्णय नं.१० – रुनेखोला सिचाई योजनाको लागि नाम्सालिङ सामुदायिक विकास केन्द्र ,ईलामले रु १०००००, उपभोक्ता समितिबाट रु ६३७९९।७९ र गाउँपालिकाले कन्टिन्जेन्सीबाट व्यहोर्ने गरी रु ९५०००० विनियोजन गर्ने ।

निर्णय नं. ११- राप्ती गाउँपलिकाको कृषि विकास शाखा अन्तरगतको खाद्यान्न बालीको उन्नत विउ उपयोगमा अनुदान कार्यक्रमका मा रकम अपुग हुने देखिएकोले देहाय बमोजिमको रकमान्तर गर्ने ।

| क्र.सं. | कार्यक्रम को नाम | विनियोजित रकम | रकमान्तर पछि कायम रकम | कैफियत |
|---|---|---|---|---|
| १ | खाद्यान्न बालीको उन्नत विउ उपयोगमा अनुदान | १०,७५,००० | ११,००,००० | |
| २ | गाउँटोल जनचेतनामूलक पर्दशर्नी कार्यक्रम | १,००,००० | ७५,००० | |

नेत्र बहादुर दली
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. १२- राप्ती गाउँपालिकाको सहकारी सञ्चालन तथा नियमन सम्बन्धी कार्यविधिको मस्यौदा तयारी तथा [illegible]का लागि देहाय बमोजिमको कार्यदल निर्माण गर्ने ।

श्री गेमे खड्का, १ नं वडाध्यक्ष, संयोजक

श्री देव प्रसाद चौधरी, ५ नं वडाध्यक्ष, सदस्य

श्री चम्फा भुसाल, कार्यपालिका सदस्य, सदस्य

श्री सावित्रा चौधरी, कार्यपालिका सदस्य, सदस्य

श्री दामोदर आचार्य, शाखा प्रमुख, सदस्य सचिव

निर्णय नं.१३- लुम्बिनी प्रदेश सरकारबाट यस गाउँपालिकालाई आ.व.२०८०/८१ को लागि शसर्त तर्फ हस्तान्तरित कार्यक्रमको(बजेट शिर्षक नं. ८०५५६५०६५२१) नाम तपसिल बमोजिम संसोधन गर्न अर्थ मन्त्रालय, लुम्बिनी प्रदेशमा सिफारिस गर्ने।

| क.सं. | आ.व. २०८०/८१ बजेट किताबमा भएको | संसोधन पछि हुनुपर्ने व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | 11.12.1.आपखोली ठाडा खोला तथा 62 भालुवाङ स्वास्थ्य चौकी पश्चिम तर्फ सडक १.स्तरोन्नती वडा नं | 11.12.1.आपखोली ठाडा खोला तथा 62 भालुवाङ स्वास्थ्य चौकी पश्चिम तर्फ १.ग्याविङ्ग जाली वडा नं १ | |

निर्णय नं. १४ – २०८०।०५।०४ गते थारु समुदायको गुरही पर्वको अवसरमा दिईएको स्थानीय विदा अनुमोदन गर्ने।